**प्रस्तावहरु :**

१) वडा सञ्जाल गठन सम्बन्धमा ।
२) कृषि तथा पशु सेवा तर्फका समूह दर्ता सम्बन्धमा ।
३) राजपत्र प्रकाशन सम्बन्धमा ।
४) मेलमिलापको व्यवस्थापन सम्बन्धमा ।
५) इन्धन तथा सञ्चार खर्च सम्बन्धमा ।
६) आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गा.पा.का सबै वडाहरुमा रहेका वडा स्तरीय लक्षित वर्ग सञ्जाल २०७५ मंसिर ७ गते सम्म पुनः गठन गरि गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका भित्र कृषि र पशु व्यवसाय का लागि दर्ता भएका समूहहरु लाई आ-आफ्नो वडामा सूचिकृत हुनका लागि १५ दिने सूचना प्रकाशित गर्ने र वडामा अभिलेख राख्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको विभिन्न मितिमा गाउँ सभाबाट पारित ऐन, नियमावली र कार्यविधिहरु राजपत्रमा प्रकाशन गर्नको लागि मुद्रणको जिम्मा मिसन टुडे प्रिन्टि प्रेस कोहलपुरलाई दिने निर्णय गरियो ।

**निणर्य नं. ४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मेलमिलाप सम्बन्धि आधारभूत तालिम प्राप्त गरेका मेलमिलाप कर्ताहरूको आवश्यक व्यवस्थापन सम्बन्धि वडा कार्यालयले गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बैजनाथ गाउा कार्यपालिकाको मिति २०७५ भाद्र ३० गतेको निर्णय नं. १ अनुसार इन्धन र संचार खर्चको विषयमा वडा अध्यक्ष, वडा सदस्य र सचिव भनि तोकिएकोमा प्रदेश सरकारको निर्णय संग बाझिने हुँदा उक्त बजेट सिलिङ वडा गत रूपमा हुने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपशिलमा उल्लेख भए अनुसार आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल:**

१) अ.ने.रा.स्व.वि.यू.(क्रान्तिकारी) लाई आर्थिक सहयोग रकम रू. २,५००/
२) कले थापा बैजनाथ ४, (घुम्ती आगलागी) आर्थिक सहयोग रकम रू. २,५००/-